हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः २ | सङ्ख्याः ३ | मितिः **२०७५।०२।२४**

**भाग-३**

**हेटौंडा उपमहानगरपालिका**

# हेटौंडा राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम यस उपमहानगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड हेटौंडा राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकाले,

पहिलो पटक हेटौंडा राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, हेटौंडा राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, हेटौंडा राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, हेटौंडा राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, हेटौंडा राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न हेटौंडा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

को दफा ४ बमोजिम हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५।०२।२३ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**भाग- १**

**प्रारम्भिक**

१. **कार्यविधिको नामः** यस कार्यविधिको नाम "हेटौंडा राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

२. **कार्यविधि लागू हुनेः** यो कार्यविधि हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

**भाग-२**

**हेटौंडा राजपत्रको भाग र ढाँचा**

३. **हेटौंडा राजपत्रका भागहरुः** हेटौंडा राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **हेटौंडा राजपत्रको ढाँचाः** हेटौंडा राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्थाः** हेटौंडा राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै सङ्ख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **हेटौंडा राजपत्रको सङ्ख्याः** (१) हेटौंडा राजपत्रको सङ्ख्या कायम गर्दा क्रमशः सङ्ख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सङ्ख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरि पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः सङ्ख्या राखी अर्को बर्ष सुरु भएपछि नयाँ सङ्ख्याबाट सुरु गरिनेछ ।

७. **हेटौंडा राजपत्रमा प्रकाशन गर्ने सामग्रीः** हेटौंडा राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको त्यस्तै राखी प्रकाशन गरिनेछ ।

८. **हेटौंडा राजपत्र प्रकाशन गर्ने अधिकारीः** हेटौंडा राजपत्र हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

हेटौंडा राजपत्र

## भाग-३

## हेटौंडा राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **हेटौंडा राजपत्र प्रकाशनको जिम्मेवारीः** (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई हेटौंडा राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र हेटौंडा राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशनपूर्व सम्पादन गर्नुपर्नेः** (१) प्रकाशन हुने सामग्री नगर कार्यपालिकाको कानुन सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाइनेछ ।

११. **हेटौंडा राजपत्रको अभिलेख व्यवस्थापनः** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम हेटौंडा राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार सङ्ख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : उपमहानगरपालिकाले हेटौंडा राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको सङ्घीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) उपमहानगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा र

(ङ) उपमहानगरपालिकाका प्रत्येक वडा कार्यालय

१३. **वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः** उपमहानगरपालिकाबाट प्रकाशित हेटौंडा राजपत्रलाई उपमहानगरपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः** (१) प्रकाशित हेटौंडा राजपत्र उपमहानगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेखकेन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) हेटौंडा राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

**(क) बार्षिक सदस्य बनाई बिक्री गर्दाः** वडा कार्यालय वा हेटौंडा उपमहानगरपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ६००/- (छ सय रुपैंया मात्र)

**(ख) खुद्रा बिक्री गर्दाः** हेटौंडा राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा सङ्घ संस्थाले हेटौंडा राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेजसम्म एक प्रतिको रु.१० मात्र
- ९ देखि २४ पेजसम्म एक प्रतिको रु.२० मात्र
- २५ देखि ४० पेजसम्म एक प्रतिको रु.३० मात्र
- ४१ देखि ५६ पेजसम्म एक प्रतिको रु.४० मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.५० मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.६० मात्र
- ९७ पेजभन्दा बढी जति भएपनि प्रति सेट रु.७५ मात्र

१५. **बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :** हेटौंडा राजपत्र बिक्री बापत प्राप्त राजस्व उपमहानगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. **कार्यविधिको व्याख्या:** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **बचाऊ:** यो कार्यविधि लागू हुनुभन्दा अगावै उपमहानगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

हेटौंडा राजपत्र

# अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## हेटौंडा राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

### भाग-१

यस भागमा नगर सभाबाट भएका निर्णयहरु प्रकाशन गरिनेछ ।

### भाग-२

यस भागमा नगर सभाबाट पारीत भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा नियमहरु प्रकाशन गरिनेछ ।

### भाग-३

यस भागमा नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, वोर्डका आदेशहरु प्रकाशन गरिनेछ ।

### भाग-४

यस भागमा नगर कार्यपालिकाबाट जारी भएका निर्णय, सूचना तथा विज्ञप्तीहरु प्रकाशन गरिनेछ ।

### भाग-५

यस भागमा सङ्घ र प्रदेशसँगको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

### भाग-६

यस भागमा अन्तर निकायसँग भएका सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः.......                सङ्ख्याः........                मितिः ................./../..

**भाग-१**

**हेटौंडा उपमहानगरपालिका**

नगर सभाले गरेका निर्णयहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

हेटौंडा राजपत्र

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः....... सङ्ख्याः........ मितिः ................/../..

**भाग-२**

**हेटौंडा उपमहानगरपालिका**

ऐन तथा नगर सभाले बनाएका नियमहरुको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-३ सँग सम्बन्धित)

हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः....... सङ्ख्याः........ मितिः ................/../..

**भाग-३**

**हेटौंडा उपमहानगरपालिका**

नगर कार्यपालिकाले जारी गरेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, बोर्डका आदेशहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-४ सँग सम्बन्धित)

हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः....... सङ्ख्याः........ मितिः ................/../..

**भाग-४**

**हेटौंडा उपमहानगरपालिका**

नगर कार्यपालिकाबाट जारी भएका सूचना तथा विज्ञप्तिको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

हेटौंडा राजपत्र

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-५ सँग सम्बन्धित)

हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

| | | |
|---|---|---|
| खण्डः……. | सङ्ख्याः…….. | मितिः ……………../../.. |

**भाग-५**

**हेटौंडा उपमहानगरपालिका**

सङ्घ र प्रदेशसँग भएका सम्झौताहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-६ सँग सम्बन्धित)

हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः...　　　　सङ्ख्याः...　　　　मितिः ..../../..

**भाग-६**

**हेटौंडा उपमहानगरपालिका**

अन्तर निकाय सम्झौताहरुको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणीकरण गर्नेको**

नाम : श्री पुष्पराज शाही

पद : प्रमुख प्रशासकीय अधिकृत

मिति : २०७५।०२।२४

पृष्ठ संख्या: १२

हेटौंडा राजपत्र